# लिखु तामाकोशी गाउँपालिका गाउँसभाको बैठकमा

गाउँपालिका उपाध्यक्ष एवम् गाउँसभा सदस्य
श्री दिपा पाख्रिनद्वारा प्रस्तुत

## लिखु तामाकोशी गाउँपालिकाको
# विनियोजन विधेयक-२०८३

**विनियोजन विधेयक-२०८३**

**स्थानीय सरकार गाउँसभा २०८३ असार १०**

**www.likhutamakoshimun.gov.np**

# लिखु तामाकोशी गाउँपालिकाको विनियोजन विधेयक, २०८३

गाउँसभामा पेश मिति:२०८३/०३/१० गते

लिखु तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा, कार्यक्रम र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८३

**प्रस्तावना:**

लिखु तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा, कार्य र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो बराबरको रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधेयकको नाम लिखु तामाकोशी गाउँपालिकाको विनियोजन बिधेयक- २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **आर्थिक वर्ष २०८३/०८४ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८३/०८४ का निम्ति गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रभाव र कार्यहरूका लागि अनुसूची-१ मा उल्लेखित नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानहरू, चालु खर्च, पुँजिगत खर्च, आन्तरिक आम्दानी, गत वर्षको अ.ल्या., विभीन्न अनुदान, आ.व. २०८३/०८४ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरूको भुक्तानी दिन बाकी विवरण र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा **रू. ६० करोड ८८ लाख ७२ हजार ७७० रुपैया मात्र** निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ का लागि लिखु तामाकोशी गाउँ कार्यपालिका, वडा कार्य समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये

कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा भुक्तानी र खर्च जनाउन सकिनेछ । पुजिँगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु र पुजिँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम**

**स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम**

**लिखु तामाकोशी गाउँपालिका आगामी आ.व. २०८३/०८४ का लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेटको सिलिङ २०८३**

| क्र. सं. | आय तर्फ | | क्र. सं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | संघिय सरकारबाट प्राप्त अनुदान (क) | रकम | | शीर्षक | रकम |
| १ | वित्तिय समानीकरण अनुदान | १२४२०००० | १ | **चालु खर्च सबै (राजस्व बाँडफाँड)** | ११६४७६००० |
| २ | सर्शत अनुदान | २३९३०००० | २ | **आर्थिक विकास** | १२५५०००० |
| ३ | विशेष अनुदान | ८७००००० | | कृषि विकास | ० |
| ४ | राजस्व बाँडफाँड | ८४९४८००० | | पशुपञ्छी विकास | ० |
| ५ | समपुरक अनुदान | १०००००० | | उद्योग तथा बाणिज्य | ० |
| **जम्मा (क)** | | **४६७१४८०००** | | सहकारी तथा वित्तीय क्षेत्र | ० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान (ख)** | | **रकम** | | पर्यटन विकास र प्रवर्धन | ० |
| ६ | वित्तिय समानीकरण अनुदान | ११६१८००० | ३ | **सामाजिक विकास** | ४५३९८००० |
| ७ | सशर्त अनुदान | ८८०४००० | | शिक्षा (शैक्षिक विकास) | ० |
| ८ | विशेष अनुदान | ६०००००० | | जनस्वास्थ्य व्यवस्थापन | ० |
| ९ | राजश्व बाँडफाँड | ३३५७२७७० | | खानेपानी तथा सरसफाई व्यवस्थापन | ० |
| १० | समपुरक अनुदान | २१०००००० | | युवा तथा खेलकुद व्यवस्थापन | ० |
| **जम्मा(ख)** | | **८०९९४७७०** | | भाषा संस्कृति प्रबर्धन | ० |
| **आन्तरिक आय र अन्य निकायबाट प्राप्त (ग)** | | **रकम** | | लैङ्गिक समानता र समावेशीकरण | ० |
| ११ | विधुत रोयल्टी | ८०००००० | ४ | **पूर्वाधार विकास** | १३७६००००० |
| १२ | आन्तरिक आय | ६५००००० | | सडक, पुल मर्मत तथा निर्माण | ० |
| १३ | अघिल्लो बर्षको मौजाद | ६०००००० | | खानेपानी,सिंचाई निर्माण तथा मर्मत | ० |
| | **जम्मा (ग)** | **७४५०००००** | ५ | **वन वातावरण तथा विपद् व्यवस्थापन** | ५२००००० |
| **कुल विनियोजन योग्य बजेट( स. अनुदान र मौजाद)** | | **२१०३१८०००** | | वन तथा भु-संरक्षण | ० |
| **कुल आय जम्मा** | | **६२२६४२७७०** | | जल उत्पन्न प्रकृतिक प्रकोप नियन्त्रण | ० |
| | | | | विपद् व्यवस्थापन | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विपद् व्यवस्थापन | ० |
| | | | | विपद् व्यवस्थापन | ० |
| | | | ६ | **संस्थागत विकास सुशासन र सेवा प्रवाह** | १२६००००० |
| | | | | ऐन कानुन तर्जुमा र व्यवस्थापन | ० |
| | | | | संस्थागत विकास सुशासन र सेवा प्रवाह | ० |
| १८ | **घाटा बजेट** | -४७५८५२३० | | | |
| **कुल अनुमानित बजेट जम्मा** | | ६२२६४२७७० | | सूचना व्यवस्थापन | ० |
| | | | ७ | **समपुरक अनुदान (३०%)** | ९३००००० |
| | | | ८ | **वडागत विनियोजन शीर्षक** | ० |
| | | | | वडा न १ को कार्यालय दुरागाउँ | ८०००००० |
| | | | | वडा न २ को कार्यालय सैपु | ८०००००० |
| | | | | वडा न ३ को कार्यालय काङ्बा | ८०००००० |
| | | | | वडा न ४ को कार्यालय बिजुलीकोट | ८०००००० |
| | | | | वडा न ५ को कार्यालय नागदह | ८०००००० |
| | | | | वडा न ६ को कार्यालय खिम्ती | ८०००००० |
| | | | | वडा न ७ को कार्यालय तिल्पुङ | ८०००००० |
| | | | **जम्मा** | | **५६००००००** |
| | | | **जम्मा विनियोजित रकम रू** | | **३९५१२४०००** |
| | | | ९ | **संघीय शसर्त अनुदान** | २३९३००००० |
| | | | १० | **संघीय विशेष अनुदान** | ८७०००००० |
| | | | ११ | **संघीय समपुरक अनुदान** | १०००००००० |
| | | | १२ | **प्रदेश शसर्त अनुदान** | ८८०४००० |
| | | | १३ | **प्रदेश विशेष अनुदान** | ६०००००० |
| | | | १४ | **प्रदेश समपुरक अनुदान** | २१०००००० |
| | | | **कुल जम्मा बजेट** | | **६७०२२८०००** |

लिखु तामाकोशी गाउँपालिका गाउँसभाको बैठकबाट मिति २०८३/०३/१० गते स्वीकृत यो ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम पेश गर्दछु।

दिपा पाख्रीन
उपाध्यक्ष
मिति: २०८३/०३/१०